# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः ३** **मितिः २०८१/०६/१५**


**भाग-२**

## पैयूँ गाउँपालिकाको टेम्पो, अटो रिक्सा र इ-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

पैयूँ गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने टेम्पो, अटो रिक्सा र इ-रिक्साहरुलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (ट) २ ले दिएको अधिकार प्रयोग गरी **पैयूँ गाउँपालिकाको टेम्पो, अटो रिक्सा र इ-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१** कार्यपालिकाको मिति २०८१।०६।१५ गतेको वैठकबाट पारित गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नामः **पैयूँ गाउँपालिकाको टेम्पो, अटो रिक्सा र इ-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।**

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित गाउँपालिका

सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले पैयूँ गाउँपलिका सम्झनु पर्दछ ।

ग) " कार्यविधि" भन्नाले पैयूँ गाउँपालिकाको टेम्पो, अटो रिक्सा र इ-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन

सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले पैयूँ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) “अध्यक्ष“ भन्नाले पैयूँ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

च) “उपाध्यक्ष“ भन्नाले पैयूँ गाउँपालिकाको  उपाध्यक्षलाई सम्झनु पर्छ ।

छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पैयूँ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई  सम्झनु पर्छ ।

ज) “सवारी साधन” भन्नले प्रचलित कानुन बमोजिम दर्ता भएका टेम्पो, अटो तथा इ रिक्सा सम्झनु पर्छ।

झ) "सवारी धनी" भन्नाले प्रचलित कानुन वमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा कम्पनी सम्झनु  पर्दछ ।

ञ) "समिति" भन्नले दफा ९ बमोजिम गठित रुट तथ भाडा निर्धारण समितिलाई सम्झनु पर्दछ ।

ट) "रुट इजाजत पत्र" भन्नाले कार्यविधिको अनुसूची -३ बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ ।

ठ) "भाडा दर" भन्नाले समितिले तोकोको भाडा दरलाई सम्झनु पर्दछ ।

**३. दर्ता, नविकरण र खारेजीः**

१) प्रत्येक टेम्पो, अटो रिक्सा तथा इ रिक्सा सवारी ऐन र नियम बमोजिम यातायात व्यवस्था कार्यालयमा नियमानुसार दर्ता एवं नविकरण  भएको हुनुपर्ने छ । गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने टेम्पो, अटो रिक्सा तथा इ- रिक्सा यस गाउँपालिकामा समेत दर्ता हुनुपर्ने छ । दर्ता हुनको लागि देहायका कागजातहरु पेस गर्नुपर्ने छ ।

क) अनुसूची १ बमोजिमको निवेदन ।
ख) कम्पनीमा दर्ता भएको प्रमाणपत्र र कम्पनी सञ्चालकहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
ग) आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
घ) सवारी साधनको इन्जिन नं. र च्यासिस नं. खुलेको फोटो,
ङ) सवारी साधनको प्राविधिक चेक जाँच गरेको प्रमाणको  प्रतिलिपि,
च) नियमानुसार भएको वीमाको कागजातहरुको प्रतिलिपि,
छ) सवारी कर, आयकर तिरेको रसिद,
ज) वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकर, करचुक्ता प्रमाणपत्र र वित्तिय संस्थाले लगानी सुनिश्चितता गरेको जमानी पत्र,
झ) सवारी धनीको पासपोर्ट साइजको दुई कपि फोटो,
ञ) सवारी चालकको चालक अनुमती पत्रको प्रतिलिपि,
ट) गाउँपालिकाले दर्ताका लागि तोकेको राजश्व तिरेको रसिद,
ठ) अन्य आवश्यक कागजातहरु ।

२) नविकरण: दर्ता सवारी साधन नविकरणका लागि देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

क) अनुसूची ४ बमोजिमको निवेदन।

ख) दर्ता गर्दा वा अघिल्लो आ.व. मा नविकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपी ।
ग) सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक चेकजाँच गरेको प्रमाणको प्रतिलिपि।
घ) वीमा अध्यावधिक गरिएको कागजातहरुको प्रतिलिपि।
ङ) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी।
च) सवारीधनी स्वंय उपस्थित हुन सक्ने भएमा नागरिकता र उपस्थित हुन नसकेको अवस्थामा दुबै जनाको नागरिकताको प्रतिलिपि सहित सवारीधनीको मञ्जुरीनामा ।

ज) दर्ता नविकरण प्रत्येक वर्षको श्रवण १५ गते भित्र गरि सक्नुपर्ने छ ।

३) खारेजीः

क) सवारी साधनको चेकजाँच र चालकको व्यवहार लगायतको मुल्याङकन गर्दा संचालन गर्न उचित नदेखिएको

ख) वार्षिक नविकरण हुनुपर्ने समय भित्र नभई एक वर्ष म्याद नाघेको ।

खारेजी भएका सवारी साधनहरु पुनः दर्ता हुन आएमा नियम ३ को उपनियम १ को प्रक्रिया अनुसार दर्ता गर्न सकिने छ ।

**४. रुट निर्धारणः**

४.१ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार रुट पर्मिट लागू गराउने छ ।

माथि ४.१ मा जे लेखिएको भएता पनि गाउँपालिकाको अधिकार क्षेत्र भित्र नपर्ने देखिएमा सम्वन्धित यातायात व्यवस्था कार्यालयमा गाउँपालिकाले रुट पर्मिटको लागि सिफारिस गरी पठाउन सक्नेछ ।

४.२ पेश गर्नुपर्ने कागजातहरुः

क) निवेदन ।
ख) माग भएको रुट खुलाउनुपर्ने ।
ग) सवारी धनी वा चालक स्वंय उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने ।

४.३ रुट पर्मिट एक/एक वर्षमा नवीकरण गराउनु पर्ने छ, रुट पर्मिट नवीकारण गराउदा दर्ता नविकरण गराएको हुनुपर्ने छ ।

**५. चालकले पालना गर्नु पर्ने नियमहरुः** प्रचलित कानुन वमोजिम हुने छ ।

**६. यात्रु सुरक्षाः** यात्रु सुरक्षाका सम्वन्धमा प्रचलित कानून वमोजिम हुने छ ।यात्रु सुरक्षालाई विशेष ध्यान पुऱ्याउनु पर्ने छ ।

**७. वीमा सम्बन्धी व्यवस्थाः** प्रचलित कानून वमोजिम हुने छ ।

**८. अटो तथा इ रिक्सा व्यवस्थापन समिति गठनः** देहाय बमोजिम गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) गाउँपालिका स्तरीय पूर्वाधार विकास समितिका संयोजक - सदस्य

ङ) गाउँपालिका प्राविधिक शाखा प्रमुख - सदस्य

च) इलाका प्रहरी कार्यालय प्रमुख - सदस्य

ज) अटो व्यावसायी कम्पनीका अध्यक्ष सहित तीन जना पदाधिकारी- सदस्य

झ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य सचिव

समितिको बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाई आवश्यकता अनुसार बस्नेछ।समितिको बैठकमा आवस्यकता अनुसार सम्बन्धित पक्षलाई आमन्त्रित गर्न सकिने छ ।

**९. अटो तथा इ रिक्सा व्यवस्थापन समितिको कामः** देहाय वमोजिम हुने छ ।

क) गाउँपालिका भित्र अटो तथा इ- रिक्सा संचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने

ख) अटो तथा इ- रिक्साको आवस्यकता अनुसार पार्किङ स्थल तोक्ने ।

ग) अटो तथा इ रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने ।

घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा इ- रिक्सा संख्या तोक्ने ।

ङ) गाउँपालिकाको आवश्यकता अनुसारको अटो तथा इ- रिक्सा संख्या निर्धारण गर्ने ।

च) अटो तथा इ रिक्साको व्यवस्थापन एवं यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक

सहजीकरण गर्ने छ, अन्य विषयहरुमा समेत नियमानुसार आवस्यक निर्णय गर्ने ।

**१०. शुल्क निर्धारणः** दर्ता शुल्क, नवीकरण शुल्क, नामसारी शुल्क र रुट पर्मिट शुल्क आर्थिक ऐन बमोजिम हुने छ आर्थिक ऐनमा ब्यवस्था नभएको अवस्थामा अनुसूची -५ बमोजिम हुनेछ। साथै दर्ता, दर्ता नवीकरण र रुट पर्मिट जारी यसै कार्यविधि वमोजिम प्रुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले गर्ने छ ।

**११. भाडा दरः** समतिले निर्धारण गरे वमोजिम हुनेछ ।

**१२. अनुगमनः** ट्राफिक प्रहरी र गाउँपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

**१३. विविधः** यस निर्देशिकामा उल्लेख नभएकोमा विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

अनुसूची - १

(दफा ३(१) संग सम्वन्धित)

टेम्पो/अटो रिक्सा/ इ-रिक्सा दर्ताका लागि निवेदनको ढाचाँ

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पैयूँ गाउँपालिका
हुवास, पर्वत

विषयः- सवारी साधन दर्ता गरिपाउँ ।

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका वडा नं. ...वस्ने वर्ष ..को म श्री / श्रीमती /सुश्री..................को स्वामित्वमा रहेका सवारी नं........... को सवारी साधन अटो / इ-रिक्सा तहाँ कार्यालयमा दर्ता हुनका लागि तपसिलको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

सवारी धनीको नामः
सवारी साधन नं.ः
इन्जिन नं.ः
चेसिस नं.ः

पेश भएका कागातहरुः

क) अनुसूची १ बमोजिमको निवेदन ।

ख) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र र कम्पनी सञ्चालकहरुको नागरिकताको प्रमाण पत्र ।

ग) आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।

घ) सवारी साधनको इन्जिन नं. र च्यासिस नं खुलेकोफोटो ।

ङ) सवारी साधनको प्राविधिक चेक जाँचको पत्र ।

च) नियमानुसार भएको वीमाको कागजात ।

छ) सवारी कर, आयकर तिरेको रसिद ।

ज) वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकर, करचुक्ता प्रमाणपत्र र वित्तिय संस्थाले लगानी सुनिश्चितता गरेको जमानी पत्र ।

झ) सवारी धनीको पासपोर्ट साइजको दुई प्रति फोटो ।

ञ) सवारी चालकको चालक अनुमती पत्र ।

ट) गाउँपालिकाले दर्ताका लागि तोकेको राजश्व तिरेको रसिद ।

ठ) अन्य आवश्यक कागजातहरु ।

अनुसूची- २

दफा ३(१) संग सम्वन्धित)

अटो तथा इ-रिक्सा दर्ता प्रमाण पत्रको ढाचाँ

पैयूँ गाउँपालका

गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

## दर्ता प्रमाण पत्र

| | |
|---|---|
| सवारी साधनको किसिमः- | |
| सवारीको इन्जिन नं.ः- | |
| सवारी साधनको चेसिस नं.ः- | |
| सवारी साधन दर्ता नं.ः- | सवारी साधन धनीको नामः- |
| दर्ता मितिः- | ठेगानाः- |
| दर्ता नं.ः- | नागरिकता नंः- |
| दर्ता मितिः- | |

दर्ता गर्ने अधिकारी.........

| नविकरण मिति | | रसिद नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| देखि | सम्म | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची - ३

दफा ४(१) संग सम्वन्धीत रुट परमिट कितावको ढाँचा

| | |
|---|---|
| रुट परमिट इजाजत पत्र जारी गर्ने सम्बन्धित कार्यालयः | सवारी सूचिकरण नं.:<br>सवारी धनीको नामः<br>ठेगानाः<br>सवारी धनीको हस्ताक्षर     रुट परमिट दिने अधिकारीको हस्ताक्षर |

| क्र.स. | सवारी साधनको विस्तृत विवरण |
|---|---|
| १ | सवारी साधन कम्पनीको नामः |
| २ | मोडलः |
| ३ | बनेको सालः |
| ४ | सिलिण्डर संख्याः |
| ५ | हर्सपावर/सि.सि.: |
| ६ | च्यासिस नं.: |
| ७ | इन्जिन नं.: |
| ८ | सवारी रङः |
| ९ | चालक सहित सिट क्षमताः |
| १० | पेट्रोल/डिजलः |
| ११ | रेडियो छ/छैनः |
| १२ | खरिद भई आएको मानिस वा कम्पनीः |
| १३ | प्रयोगः |
| १४ | चलाउने इलाकाः |
| १५ | भन्सार निस्साः |

| क्र.स. | इजाजत पत्र पाएको क्षेत्र (रुट) | वहाल अवधि | इजाजत पत्र दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | वहाल अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४

कार्यविधिको नियम ३(२) संग सम्वन्धित

नविकरणको लागि सवारी धनीले दिने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
पैयूँ गाउँपालिका,
हुवास, पर्वत

विषयः- दर्ता सवारी साधनको नवीकरण गरी पाउँ ।

प्रस्तुत विषयमा तहाँ कार्यालयमा मिति ..........मा दर्ता भएको मेरो स्वामित्वमा रहेको सावारी साधन टेम्पो/ अटो रिक्सा/इ-रिक्सा नियमानुसार नवीकरण गरिदिनुहुन तपसिल अनुसारका कागजातहरु राखि यो निवेदन पेश गरेको छु ।

..................
सवारी धनीको नामः
ठेगानाः
सम्पर्क नं.

संलग्न कागजातहरुः-

क) अनुसूची ४ बमोजिमको निवेदन ।

ख) दर्ता गर्दा वा अघिल्लो आ.व. मा नविकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपी ।

ग) सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच भएको विवरण ।

घ) वीमा अध्यावधिक गरिएको कागजात।

ङ) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।

च) सवारीधनी स्वंय उपस्थित हुन सक्ने भएमा नागरिकता र उपस्थित हुन नसकेको अवस्थामा दुबै जनाको नागरिकताको प्रतिलिपि सहित सवारीधनीको मञ्जुरीनामा ।

अनुसूची - ५

कार्यविधिको नियम १० संग सम्वन्धित

दर्ता शुल्क, नवीकरण शुल्क, नामासारी शुल्क र रुट पर्मिट शुल्क

| सवारी दर्ता शुल्क | नविकरण शुल्क | नामसारी शुल्क | रुट पर्मिट शुल्क |
|---|---|---|---|
| ३००० | १५०० | १००० | ५०० |

आज्ञाले
जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत